आज मिति २०८२/०९/२३ गते बुधवारका दिन यस शुद्धोदन गाउँपालिकाको गाउँसभाको १९ औ अधिवेशनको पहिलो बैठक शुद्धोदन गाउँपालिका अध्यक्ष श्री विष्णु प्रसाद बस्यालज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा देहाय बमोजिमका निर्णयहरु गरियो ।

उपस्थितः

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री विष्णु प्रसाद बस्याल | अध्यक्ष | |
| २ | श्री शान्ता देवी ज्ञवाली | उपाध्यक्ष | |
| ३ | श्री लेख बहादुर बस्नेत | सदस्य सचिव | |
| ४ | श्री केशव प्रसाद अधिकारी | प्रवक्ता/वडाध्यक्ष | |
| ५ | श्री उदयराज गडेरिया पाल | वडाध्यक्ष | |
| ६ | श्री कमल खड्का क्षेत्री | वडाध्यक्ष | |
| ७ | श्री हेम बहादुर खड्का | वडाध्यक्ष | |
| ८ | श्री चन्द्रभान चौधरी थारु | वडाध्यक्ष | |
| ९ | श्री उपेन्द्र साहनी | वडाध्यक्ष | |
| १० | श्री भिम नारायण चौधरी | का.वा. वडाध्यक्ष | |
| ११ | श्री शान्ति सुनार | कार्यपालिका सदस्य | |
| १२ | श्री पवित्रा थारु | कार्यपालिका सदस्य | |
| १३ | श्री गिता नेपाली | कार्यपालिका सदस्य | |
| १४ | श्री रुक्मिणी थारु | कार्यपालिका सदस्य | |
| १५ | श्री राममिलन लोध | कार्यपालिका सदस्य | |
| १६ | श्री सुरेश बहादुर सार्की | कार्यपालिका सदस्य | |
| १७ | श्री महेन्द्र प्रसाद मल्लाह | गाउँसभा सदस्य | |
| १८ | श्री मुरलीधर लोनिया | गाउँसभा सदस्य | |
| १९ | श्री मन कुमारी थरुनी | गाउँसभा सदस्य | |
| २० | श्री कमला मुसिहर | गाउँसभा सदस्य | |
| २१ | श्री तारक बहादुर कुवँर | गाउँसभा सदस्य | |
| २२ | श्री चित्र रेखा चौधरी | गाउँसभा सदस्य | |
| २३ | श्री मिन कुमारी सुनार | गाउँसभा सदस्य | |
| २४ | श्री भुनेश्वर थारु | गाउँसभा सदस्य | |

CamScanner

| | | | |
|---|---|---|---|
| २५ | श्री राज कुमार कुर्मी | गाउँसभा सदस्य | |
| २६ | श्री णम कुमारी पंगेनी | गाउँसभा सदस्य | |
| २७ | श्री सुष्मा दर्जी | गाउँसभा सदस्य | |
| २८ | श्री बालकृष्ण पराजुली | गाउँसभा सदस्य | |
| २९ | श्री टोल प्रसाद राना | गाउँसभा सदस्य | |
| ३० | श्री रुपा वि.क | गाउँसभा सदस्य | |
| ३१ | श्री भिम बहादुर छहारी | गाउँसभा सदस्य | |
| ३२ | श्री जगदिश अहिर | गाउँसभा सदस्य | |
| ३३ | श्री मुनेश्वरी थरुनी | गाउँसभा सदस्य | |
| ३४ | श्री अनिल कुमार मौर्य | गाउँसभा सदस्य | |
| ३५ | श्री दिप नारायण यादव | गाउँसभा सदस्य | |
| ३६ | श्री गुलबी लोध | गाउँसभा सदस्य | |
| ३७ | श्री नेपाल कुर्मी | गाउँसभा सदस्य | |
| ३८ | श्री सुनिता पासी | गाउँसभा सदस्य | |

मितिः २०८२।०९।२३

**सभाका सभासदस्यज्यूहरु,**

शुद्धोदन गाउँपालिकाको १९ औं गाउँसभाको बैठक प्रारम्भ हुन्छ ।

यस गरिमामय सभामा म स्वयंले गाउँपालिकाको आर्थिक वर्ष २०८२/८३ को नीति तथा कार्यक्रमको हालसम्म भएका उपलब्धीको सम्बन्धमा संक्षिप्त प्रतिवेदन पेश गर्न चाहान्छु ।

**सभाका सभासदस्यज्यूहरु,**

अब म यस गाउँपालिकाका विधायन समितिका संयोजक श्री केशव प्रसाद अधिकारीलाई शुद्धोदन गाउँपालिकाको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धमा व्यस्था गर्न बनेको विधेयक, २०८२ गाउँसभामा पेश गर्न अनुमति दिन्छु ।

२०८२।९।२० गते ११ बजे बजे

शुद्धोदन गाउँपालिकाको १९ औं गाउँसभाका निर्णयहरुः

शुद्धोदन गाउँपालिकाको १६ औं गाउँसभाका निर्णयहरुः

१. गाउँपालिकाका अध्यक्षले मिति २०८२।९।२० ~~१०।२४~~ गते गाउँसभामा पेश गरेको गाउँसभाको हालसम्मको प्रगति समावेश भएको प्रतिवेदन सर्वसहमतिले पारित गर्ने निर्णय गरियो ।

## शुद्धोदन गाउँपालिका

### गाउँपालिका अध्यक्षद्वारा १९ औं गाउँसभामा गाउँपालिकाको प्रगती बारे गरेको सम्वोधन ।

गाउँसभाका सबै सदस्यज्यूहरु,

गाउँपालिकाको १९ औं गाउँसभाको उदघाटनसत्रको अवसरमा यहाँ उपस्थित सम्पूर्ण गाउँसभाका सदस्यहरुलाई शुद्धोदन गाउँपालिकाको तर्फबाट र मेरो व्यक्तिगत तर्फवाट हार्दिक स्वागत गर्दछु । यस गाउँपालिकाको अध्यक्षको रुपमा १९ औं गाउँसभावाट पारित हुने विधेयक तथा चालु आर्थिक वर्षमा कार्यान्वयनमा रहेका योजना, कार्यक्रमहरु तथा वजेटको संशोधन हुने सभामा सम्वोधन गर्न पाउँदा अत्यन्त हर्षित भएको छु ।

राज्यको वर्तमान व्यवस्था अनुसार स्थानीय सरकारले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा वनाउन सक्ने ऐन, विभिन्न योजनाहरु तथा बजेटलाई संशोधन गर्न पेश गर्ने तथा यथेष्ट छलफल पश्चातः पारित गरी कार्यान्वयनमा ल्याउने यस गरिमामय क्षणमा म राष्ट्रको वर्तमान परिवर्तन र सामाजिक आर्थिक समृद्धिका लागि विभिन्न समयमा शहादत प्राप्त गर्नु हुने ज्ञात अज्ञात सम्पूर्ण शहीदहरु प्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु ।

नेपालको संविधानले गाउँपालिकालाई स्थानीय सरकार सञ्चालनको अधिकार प्रदान गरेको छ । स्थानीय तहको गठन भै स्थानीय तहले आफ्नो एक कार्यकालको कार्य समाप्त गरी दोस्रो निर्वाचनबाट हामी निर्वाचित समेत भएको यो चौंथो वर्षको वर्तमान परिस्थितिमा प्रयाप्त कानून तथा देशमा भएका परिवर्तनको आन्दोलनका कारण जनताले अपेक्षा गरेका र नेपालको संविधानले परिकल्पना गरेको **"सिंहदरबारको अधिकार गाउँगाउँमा"** भन्ने राज्यको मूल नारालाई सार्थक रुपमा जनमानसमा पुर्याउन नसके पनि हामी यसलाई मूल मन्त्र ठानी विभिन्न समस्याहरुसँग मुकाविला गर्दै अगाडी बढ्दैछौं । आज यस घडीमा हामीले चालु आ.व.२०८२/८३ मा कार्यान्वयनमा ल्याएको बजेट तथा कार्यक्रमलाई आवश्यक संशोधन हामी आफै गर्न सक्ने अंठोटका साथ विभिन्न योजनाहरु तथा बजेटलाई यस सभावाट सर्वसम्मत रुपमा पारित गर्न उभिएका छौं । जुन शुद्धोदन गाउँपालिकाको प्रयास र राज्यले स्थानीय सरकारलाई कानून अनुसार उपलब्ध गराएको ठूलो अधिकार समेत हो ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार तयार भएका विभिन्न योजना तथा वजेटलाई कार्यान्वयनका चरणमा देखिएका विभिन्न समस्याहरुलाई समयमै संशोधन गरी उपयुक्त योजना तथा कार्यक्रमहरुमा वजेट व्यवस्था गरी कार्यान्वयनमा ल्याउन व्यापक रुपमा छलफल गरी तपशिल अनुसारका योजनाहरु संशोधन गर्न गाउँ कार्यपालिकाको मिति २०८२/०९/२२ गतेको बैठकमा निर्णय भए अनुसार आजको कार्यसूचीमा राखिएको छ जुन

यस सभाको सर्वसम्मतिमा पारित हुनेछन भन्ने आशा तथा विश्वास व्यक्त गर्न चाहान्छु । यस गाउँपालिकाको विधायन समितिको सिफारिसमा कार्यपालिकाले निर्णय गरी सभामा पेश गर्न उपलब्ध गराएका तपशिल अनुसारका विधेयक तथा आ.व. २०८२/८३ को बजेट तथा कार्यक्रम संशोधन प्रस्ताव पारित गरी गाउँपालिकाबाट गरिने विकास निर्माणका कामलाई कानून सम्मत र वैधानिक बनाउने प्रयासमा यहाँहरुले अमूल्य सहयोग गर्नु हुनेछ भन्ने अपेक्षाका साथ आजको कार्यसूचिमा यी महत्व पूर्ण विधेयक र कार्यक्र संशोधनको प्रस्तावहरुलाई समावेश गरेको छु ।

<u>तपशिल</u>

१. शुद्धोदन गाउँपालिकाको आ.व. २०८२/८३ को बजेट तथा कार्यक्रम संशोधन ।

२. शुद्धोदन गाउँपालिकाको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धमा व्यस्था गर्न बनेको विधेयक, २०८२

**गाउँसभाका सदस्यज्यूहरु**

कानूनी राज्यको अभ्यास भएको मुलुकमा कानून अत्यन्त आवश्यक हतियार हो भन्ने विषयमा मलाई दुइ मत होला भन्ने लाग्दैन । तसर्थ सम्पूर्ण सदस्यज्यूहरुले यसमा अर्थपूर्ण सहभागिता जनाई छलफलमा भाग लिइ आफ्नो कानून आफै बनाउने कार्यमा सफलता प्राप्त गर्नुहुनेछ भन्ने आशा तथा विश्वासका साथ म अब शुद्धोदन गाउँपालिकामा चालु आर्थिक वर्षमा भएका प्रगति तथा वर्तमान समयमा रहेका समस्या तथा चुनौतिहरु प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

**हालसम्मका मुख्य मुख्य प्रगतिहरुः**

**स्थानीय विकास कोष तर्फः**

- स्थानीय विकास कोष बैंक हिसाव विवरण बमोजिम एक आर्थिक वर्ष आ. व. २०८२/२०८३ को हिसाब मिलान कार्य मिति २०८२/०४/३१ गते सम्पन्न।
- सामुदायिक विकास कोष शुद्धोदन-४ को आ. व. २०८२/०८३ को आन्तरिक लेखा परिक्षण कार्य सम्पन गर्ने कार्य गरियो।
- स्थानीय विकास कोष अन्तर्गतका सामुदायिक संस्था/ समुहहरूको नियमित हुने वैठक कार्य निरन्तरता रहेको।
- स्थानीय विकास कोषबाट परिचालन गरिएको नियमित ऋणपुँजि लगानी असुली नियमित कार्य भएको।
- स्थानीय विकास कोष अन्तर्गत सामुदायिक संस्थाको अध्यक्ष, मेनेजर बैठक भेला नियमित कार्य भएको।

शुद्धोदन गाउँपालिकाको १९ औं गाउँसभाका निर्णयहरुः ८

- वडा नं. ५ मा गाउँपालिका सामाजिक परिचालन समिति बैठक बाट १० लाख घुम्तिकोष ऋण स्वीकृत भई ऋण परिचालन।
- पालिका स्तरीय सहकारी संस्थाका ७५ जनालाई १ दिने नियमकिय निर्देशन राष्ट्रिय सहकारी नियमन प्राधिकरण संस्था अभिमुखिकरण तालिम कार्य सम्पन्न।
- वडा नम्वर ५ र ६ मा संचालित समुदायिक संस्थाका १२५ जना सदस्यहरूलाई ७ दिने समुह गठन भएका समुह संस्थामा आय आर्जन तथा स्वरोजगार मुलक तथा वित्तिय साक्षरता परिक्षण अभिमुखिरण तालिम कार्य सम्पन्न।
- गाउँपालिका स्थानीय बिकास कोषको लेखा परिक्षण सम्पन्न।
- वडा स्तरीय सामुदायिक विकास कोषको आन्तरीक लेखा परिक्षण सम्पन्न।

**सहकारी तर्फः**

- सहकारी लेखा परिक्षण लिर्देशिका २०७५ को दफा ३ वमोजिम सहकारी संस्थाहरूले तोकिएको समय भित्र लेखा परिक्षक नियूक्ति गरी लेखा परिक्षण सम्पन्न गर्न गराउन (COPOMIS) अनलाईन प्रणालीद्वारा सहकारी संघ/संस्थाहरूलाई निर्देशन।
- सहकारी संघ/संस्थाहरूले जारी गर्नुपर्ने श्वेतपत्र जारी गर्ने सम्वन्धि सुचना (COPOMIS) अनलाईन प्रणालीद्वारा सहकारी संघ/संस्थाहरूलाई निर्देशन।
- पालिका स्तरीय रहेका २६ वटा सहकारी संस्थाहरूलाई सहकारी ऐन २०७४अनुसार पौष मशान्त भित्र वार्षिक साधारण सभा सम्पन्न गर्न सहकारी संघ/संस्थाहरूलाई निर्देशन।

**बजार अनुगमन तर्फः**

- पालिका स्तरीय २६ वटा सहकारी संस्था मध्ये ४ वटा सहकारी अनुगमन गर्ने कार्य सम्पन्न भएको।
- दरवाह कोटहीमाई पर्यटकीय मेला बजार स्टल निर्माण गरी ब्यवसाय गरेका मिठाई पसल जिल्ला खाद्य तथा गुण नियन्तरण कार्यालयका प्राविधिक सहित वजार अनुगमन गर्ने कार्य सम्पन्न भएको।
- वजार अनुगमन गर्ने क्रममां १० के. जि. बराबरको आखाद्य बस्तु मिठाई नष्ट गर्ने कार्य सम्पन्न ।

**आन्तरिक लेखा परिक्षण तर्फः**

- आ व २०८१/०८२ को यस गाउँपालिकाको आय र व्ययको आन्तरिक लेखा परिक्षण सम्पन्न गरि वार्षिक प्रतिवेदन तयार पारि प्रमुख प्रशासकीय अधिकृत, सम्पूर्ण